**मिति २०८०।०३।१०**

**बागमती गाउँपालिकाको गाउँसभाको तेन्हौं अधिवेशनमा अध्यक्ष श्री विर बहादुर लोप्चनद्वारा प्रस्तुत नीति तथा कार्यक्रम**

प्रमुख अतिथिज्यू,
विशेष अतिथिज्यू,
अतिथिज्यूहरु,
बागमती गाउँपालिकाका उपाध्यक्ष ज्यू,
प्रमुख प्रशासकीय अधिकृत ज्यू,
वडाध्यक्षज्यूहरु,
गाउँ कार्यपालिकाका बोर्ड सदस्य ज्यूहरु,
विभिन्न राजनीतिक दलका पार्टी प्रतिनिधि ज्यूहरु,
गाउँसभाका सदस्य ज्यूहरु,
सम्पूर्ण कर्मचारी ज्यूहरु,
पत्रकार मित्रहरु, सूरक्षा निकायका प्रतिनिधीज्यू एवम् उपस्थित सम्पूर्ण महानुभावहरु ।

सर्वप्रथम नेपालमा भएका प्रजातान्त्रिक, लोकतान्त्रिक र गणतन्त्रात्मक शासन व्यवस्थाको स्थापनाका लागि विभिन्न आन्दोलनहरुमा शाहदत् प्राप्त गर्नु हुने ज्ञात अज्ञात शहिदहरुप्रति उच्च सम्मान तथा भावपूर्ण हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै राष्ट्रियता, लोकतन्त्र तथा गणतन्त्र प्राप्तिको लागि अतुलनीय योगदान पुऱ्याउनु हुने अग्रणी व्यक्तिहरुको उच्च सम्मानसाथ स्मरण गर्न चाहान्छु ।

नेपालमा संघीय राज्य व्यवस्था भए सँगै स्थापित तीन तहको सरकार (संघ, प्रदेश र स्थानीय तह) मध्यको एक बागमती गाउँपालिका संघीय शासन प्रणालीको भावना अनुसार आफ्नो क्षेत्राधिकार भित्रका जनताको सेवामा सदैव समर्पित रहने विश्वास दिलाउन चाहन्छु ।

स्थानीय सरकारलाई जनताको ढोकैको सरकारको रुपमा परिकल्पना गरिएको छ । जनताको पूर्ण लोकतन्त्र, सुशासन, जनताप्रति उत्तरदायी, भ्रष्टचारमुक्त सभ्य र सुसंस्कृत एवम् कर्तव्यनिष्ठ समाजलाई आर्दश मानी बागमती गाउँपालिकाले सार्वभौमसत्तासम्पन्न जनताको अधिकार प्राप्ति, सामाजिक न्याय र समानतामा आधारित समाजको स्थापना र स्रोतसाधनको समन्यायिक वितरण गर्न जनआकांक्षा अनुसारको ***विकास निर्माण, सुशासन, शान्ति, समुन्नति र सम्मान*** को सपनालाई पूर्ण व्यवहारमा प्रस्तुत गरि सम्पूर्ण जनताको मन मुटुमा रहन सफल हुनेछ । यसका लागि बागमती गाउँपालिकाले “कृषि, पर्यटन र पूर्वाधार : समृद्ध र सुखी बागमती गाउँपालिकाको मूल आधार” भन्ने नारा हृदयङ्गम गरी अहोरात्र खटिनेछौं ।

**उपस्थित महानुभावहरु,**

यसै सन्दर्भमा, अब म नेपालको संविधान - २०७२ मा व्यवस्था भएको राज्यका नीति तथा सिद्धान्तहरु, मौलिक हक लगायत अनुसूची-८ र ९ मा उल्लेखित स्थानीय तहको एकल अधिकार र साझा अधिकारका सूचीका विषयहरु, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय योजना आयोगको १५ औं योजना (०७६/७७-०८०/८१) का रणनीति तथा कार्यनीतिहरु,

गाउँपालिकाको आवधिक योजना तथा मध्यकालीन खर्च संरचना २०७८, आ.व. २०८०/८१ को संघीय सरकारको नीति तथा कार्यक्रमहरु, संघीय सरकारको आ.व. २०८०/८१ को बजेट वक्तव्य, आ.व. २०८०/८१ को बागमती प्रदेश सरकारको नीति तथा कार्यक्रमहरु, बागमती प्रदेश सरकारको आ.व. २०८०/८१ को बजेट वक्तव्य, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, दिगो विकासका लक्ष्यहरु, संघीय, प्रदेश सरकार एवम् गाउँपालिकाले जारी गरेका नीति, कानून तथा मापदण्डहरु लगायत यस गाउँपालिकाको स्रोत साधनहरु र गाउँपालिकाको विगत गाउँसभाबाट पारित नीति तथा कार्यक्रमहरुलाई आधार रेखा बनाइ आ.व. २०८०/८१ का लागि गाउँ कार्यपालिकाबाट स्वीकृत बागमती गाउँपालिकाको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु।

**(क) सामाजिक क्षेत्र**

***(क.१) शिक्षा***

- संघीय सरकार, प्रदेश सरकार एवम् विभिन्न सरोकारवाला सरकारी गैर सरकारी सरोकारवाला निकायहरुसँगको समन्वय तथा सहकार्यमा विद्यालयका भौतिक पूर्वाधार, खानेपानी तथा सरसफाई र स्वास्थ्य, प्रविधिमैत्री पहुँच, सुरक्षा सामग्रीको व्यवस्थापन साथै प्राविधिक शिक्षालय स्थापनाका लागि विशेष पहल गरिनेछ।
- विद्यालयको गुणस्तरीय शिक्षाका लागि शिक्षक व्यवस्थापन लगायत प्राविधिक शिक्षा, व्यवसायिक तथा वैज्ञानिक शिक्षाको लागि विद्यालय सुधार योजना बनाई योजनावद्ध रुपले विद्यालयको सर्वपक्षिय सुधार गरिदै लगिने छ।
- विद्यालयको तालिकाबद्ध रुपमा अनुगमन गराइ शिक्षकहरुको नियमितता, विद्यार्थीहरुको उपस्थिति, शैक्षिक उपलब्धीको मूल्याङ्कन एवम् अभिलेखिकरण गराइ सरोकारवाला सम्पूर्णलाई विशेष जिम्मेवार बनाइनेछ।
- गाउँपालिका क्षेत्रभित्रका आर्थिक अवस्था कमजोर, असहाय एवम् उच्च प्राविधिक शिक्षा अध्ययनरत- विपन्न, जनजाति, दलित, महिला, द्वन्द पिडित, अल्पसंख्यक विद्यार्थीमध्ये आवश्यक विद्यार्थीहरुलाई दिँदै आएको छात्रवृत्तिलाई एवम् बालविकास सहजकर्ता तथा विद्यालय सहायक कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप उपलब्ध गराइएको थप भत्ता बापतको रकमलाई निरन्तरता दिइनेछ।
- प्रभावकारी रुपमा विद्यालय शिक्षा अध्ययनबाट कोही पनि बञ्चित नहुनका लागि शैक्षिक वर्षको सुरुवाती सँगै जनप्रतिनिधहिरुको प्रत्यक्ष उपस्थितिमा भर्ना अभियान कार्यकम सञ्चालन गराइनेछ।
- एक विद्यालय एक नर्श कार्यक्रममार्फत उपलब्ध विद्यालय नर्शहरुको सहकार्यमा छ कक्षा माथिका किशोरकिशोरीहरुलाई प्रजनन् स्वास्थ्य तथा कोभिड १९ लगायत सरुवा रोगको नियन्त्रण, रोकथाम गर्न सचेतनामूलक कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- प्राविधिक धारको विद्यालयमा यसै वर्ष देखि स्कूल बस सञ्चालन गरिनेछ साथै क्रमश: अन्य विद्यालयहरुमा पनि स्कूल बस सञ्चालन विस्तार गरिनेछ।
- शैक्षिक क्यालेण्डर निर्माण गरि विद्यालय सञ्चालन तथा व्यवस्थापन गरिने५।

***(क.२) स्वास्थ्य***

- बागमती गाउँपालिकास्तरीय थाङसिङटार अस्पताल एवम् गाउँपालिकाको सात वटै स्वास्थ्य चौकीलाई व्यवस्थित तथा आधुनिक बनाउँदै लगिनेछ ।
- बागमती गाउँपालिकास्तरीय थाङसिङटार अस्पताल एवम् गाउँपालिकाको सात वटै स्वास्थ्य चौकी मार्फत तालिका बनाइ स्वास्थ्य शिविरहरु सञ्चालनको प्रवन्ध गरिनेछ ।
- जिरो होम डेलिभरीका लागि हरियो झण्डा संकेत कार्यक्रम सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्था एवम् बर्थिङ सेन्टरमा बच्चा जन्माएमा सुत्केरीलाई यस गाउँपालिकाबाट रु.२०००।- नगद उपलब्ध गराउने साथै स्वास्थ्य संस्था एवम् बर्थिङ सेन्टरसम्म पुऱ्याउँन यस गाउँपालिकाको नाममा भएको एम्बुलेन्समा एक तर्फी भाडा निशुल्क रुपमा उपलब्ध गराउने नितीलाई निरन्तरता दिइनेछ ।
- बागमती गाउँपालिकास्तरीय थाङसिङटार अस्पताल एवम् गाउँपालिकाको सात वटै स्वास्थ्य चौकीहरुबाट प्रदान गरिने स्वास्थ्य सेवा, निःशुल्क प्रदान गरिने औषधिहरुको गुणस्तर, उपलब्धता आदिको तालिकाबद्ध अनुगन गरिनेछ र सेवाग्राही सुझाव पेटिका मार्फत सरोकारवालाहरुको गुनासो संकलन एवम् सुनुवाइ व्यवस्थापन गरिनेछ ।
- यस गाउँपालिकाको सबै वडाहरुमा स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकामा भएको २ वटा एम्बुलेन्सलाई व्यवस्थित रुपमा कार्यविधि अनुसार कार्यान्वयन ल्याईने छ।
- थाङसिङटार अस्पताललाई स्तर उन्नती गरी १५ शैयाको अस्पताल बनाउन पहल गरिनेछ ।

***(क.३) खानेपानी तथा सरसफाई***

- गाउँपालिकाभित्रका विभिन्न वडाहरुमा रहेका खानेपानीको मुहानहरुलाई संरक्षण र संबर्द्धन गरिनेछ । गाउँपालिका भित्र खानेपानी घरहरु वडा कार्यालय मार्फत पहिचान गरि ती घरहरुमा खानेपानी पहुँच पुऱ्याउन संघीय सरकार एवम् प्रदेश सरकारहरुमा विशेष पहल गरिनेछ ।
- मानिसहरुको आवत जावत बढी भएको स्थानहरुमा खानेपानी, डस्टविन लगायत सार्वजनिक शौचालयहरुको उचित व्यवस्थापन गरिनेछ ।
- एक घर एक धारो अवधारणालाई पुर्णता गरिनेछ ।
- पर्यटकीय क्षेत्रहरुमा खानेपानीको सम्भाव्यता अध्ययन गरी खानेपानीको दीर्घकालिन समाधानको उपायहरु खोजिनेछ ।

***(क.४) संस्कृति प्रवर्द्धन***

- नेपाल एक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्र भएकोले सबै धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलनको सांस्कृतिक मूल्य मान्यतालाई सम्मान गर्ने नीति अबलम्बन गरिनेछ ।

- गाउँपालिकाभित्रका विभिन्न जात-जातिहरुको भाषा, धर्म, इतिहास, संस्कार र संस्कृतिको संरक्षण एवं सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिकाभित्र रहेका ऐतिहासिक, पुरातात्विक, धार्मिक, पर्यटकीय सम्पदाहरुको पहिचान गरी सोको अभिलेख राखिनेछ ।

***(क.५) खेलकुद तथा मनोरञ्जन***

- गाउँका युवाहरुलाई लक्षित गरी खेलकुदलाई जीवनको अभिन्न अङ्गको रुपमा लिदै खेलकुद गतिविधि, क्षमता विकास, विस्तार तथा गाउँस्तरीय खेलकुद विकास समिति गठन गरी कार्यान्वयन गरिनेछ ।
- अन्तर गाउँस्तरीय तथा गाउँपालिकास्तरीय खेलकुद प्रतियोगिता संचालन गर्न ***"गाउँपालिका अध्यक्ष कप"*** निरन्तरता दिइनेछ ।
- गाउँपालिकाको वडा नं ४ स्थित खयारघारी प्युटारमा गाउँपालिकास्तरीय आधुनिक रंगशाला निर्माण कार्य सम्पन्न गरिनेछ ।
- युवा क्लब गठन एवम् ति क्लबहरु मार्फ स्थानीय स्तरमा विभिन्न रचनात्मक कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरिनेछ ।

***(ख.६) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण***

- राज्यको हरेक अंग तथा संयन्त्रमा महिला, आदिवासी जनजाति, दलित, अपाङ्ग, गरीब, पछाडिका वर्ग सीमान्तकृत, अति सीमान्तकृत तथा अल्पसंख्याक आदिलाई राज्यको नीति निर्माण, निर्णय प्रक्रिया र कार्य सम्पादन प्रक्रियामा अर्थपूर्ण सहभागी गराउने कार्य समावेशीकरण भएकोले यी लक्षित क्षेत्रको पहुँच, प्रतिष्ठा, प्रतिनिधित्व र पहिचानको लागि समावेशीकरणको नीति अवलम्बन गरिने छ ।
- लैङ्गिक विभेदको अन्त्य गरी महिलाहरुलाई हरेक कार्यक्रममा सहभागी गराउँदै आर्थिक, सामाजिक तथा राजनैतिक क्षेत्रमा पहुँच पुऱ्याउन उनीहरुको सहभागितालाई सुनिश्चितता गर्ने नीति अबलम्बन गर्दै महिला सशक्तिकरणमा जोड दिइनेछ ।
- गाउँपालिकाले २०८२ चैत्र मसान्त भित्र पूर्ण रुपमा बालमैत्री स्थानीय तह घोषण गर्ने प्रतिवद्ध जानाइ सकेको हुँदा बालमैत्री स्थानीय तह हुन आवश्यक बालमैत्री कार्यक्रमहरु लागू गरिनेछ ।
- महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिई महिलाहरुको क्षमता विकास, सीप विकास हुने गरी महिला सशक्तिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- महिला, दलित, अपाङ्ग, अल्पसंख्यक र पिछडिएका समुदाय लगायत एकल महिलाहरुको सशक्तिकरणक लागि क्षमता विकास हुने कार्यक्रमहरु संचालन गरिनेछ ।

- गाउँपालिकाको एकल पुरुषहरुलाई प्रदान गरिने सामाजिक सुरक्षा भत्ता यस  आर्थिक वर्षमा पनि निरन्तरता दिइनेछ ।

**(क.७) जनसंख्या व्यवस्थापन**

- जनसंख्या वृद्धिलाई वाञ्छित सीमाभित्र राख्ने तथा बसाइँसराइ गरि जाने संख्या न्यूनिकरण र बसाँइसराइ गरि आउने संख्यामा बृद्धि गर्ने प्रभावकारी कार्यकमहरुको खोज गरिनेछ ।
- मानवीय विकास एवम् जनसंख्या लाभांशको उपयोग गर्दै आर्थिक तथा सामाजिक रुपमान्तरणमा जोड दिइनेछ ।
- यस गाउँपालिकामा बसाइ सरी आउने परिवारलाई दोसल्ला ओडाइ केही नगद रकम सहित सम्मान तथा स्वागत गरिनेछ ।

**(ख) आर्थिक क्षेत्र**

***(ख.१) कृषि तथा पशुपालन***

- कृषि क्षेत्रमा थप आधुनिकीकरण, यान्त्रिकरण र विशिष्टिकरण गरी उत्पादन तथा उत्पादकत्व बृद्धिमा जोड दिइनेछ ।
- कृषिलाई आयमूलक, आधुनिक र मर्यादित पेसा तथा उत्पादनशील व्यवसायको रुपमा विकास गर्दै लगिनेछ ।
- कृषि प्रसार तथा पशु सेवा कार्यक्रमहरु, बजार व्यवस्थापन, बाँझो जमिन उपयोग, जनशक्ति व्यवस्थापन जस्ता कार्यक्रमहरु सञ्चालनका लागि प्राथामिकताका साथ सरोकारवाला निकायहरुमा पहल गरिनेछ ।
- तरकारी बीउ विजन उत्पादन, फलफूल खेती लगायत आधुनिक नगदेबाली तर्फ कृषकहरुलाई प्रोत्साहन गर्न अभिमुखिकरण कार्यकमहरु सञ्चालन गरिनेछ ।
- कृषि अनुदानलाई सुव्यवस्थित गर्न तथा कृषकहरुको विवरण प्रणालीमा प्रविष्टि गरी किसान सूचीकरणलाई निरन्तरता दिई किसान परिचय पत्र वितरण गरिनेछ ।
- जनता संग अध्यक्ष कार्यकमलाई आगामी आ.व. ०८०/०८१ मा पनि थप प्रभाकारिताका साथ निरन्तरता दिईएको छ। उक्त कार्यकमबाट विशेष गरी स्वदेश तथा वैदेशिक रोजगारबाट फर्किएका युवा र महिला वर्गलाई लक्षित गरी कृषि तथा पशुपालनका लागि प्रोत्साहान, नगद अनुदान, कृषि सामग्री तथा औजारमा दिँदै आएका ५०% अनुदान लगायतका कार्यकमहरुलाई निरन्तरता दिइनेछ ।
- बजारिकरण तथा उत्पादनकाका लागि यस गाउँपालिकाको वडा नं ४ प्युटारमा सञ्चालित गाउँपालिका स्तरीय नर्सरी एवम् कृषि हाट बजारलाई थप व्यवस्थित गरिनेछ ।
- लसुनप्याज मिसन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- प्रत्येक वडामा कृषि, पशु स्वास्थ्य प्राविधिकको व्यवस्था गरी किसानको पहुँच सहज बनाउँदै पशुधनको क्षति न्यूनीकरणका लागि रोग नियन्त्रणका आवश्यक कार्यक्रम सञ्चालन गर्न पहल गरिनेछ ।
- जनता पशुधन सुरक्षण कार्यकम अन्तर्गत पशु पंक्षीको बीमा प्रिमियममा ५० प्रतिशत अनुदान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- यस गाउँपालिकाको केहीवडामा लिटर दूध अनुदान कार्यकम सञ्चालन गरिनेछ ।

*(ख.२) उद्योग तथा वाणिज्य*

- कृषि तथा स्थानीय कच्चा पदार्थमा आधारित लघु तथा साना उद्योगहरुको स्थापना गरी स्थानीय रोजगारीको अवसरहरु सिर्जना गरिँदै लगिने छ ।
- गाउँपालिकाभित्र रहेका साना तथा मझौला उद्योगीहरुलाई आकर्षण गर्न वित्तिय क्षेत्रहरुसँगको सहकार्यमा छलफल तथा अन्तरकृयात्मक कार्यकमहरु सञचालन गरिनेछ।
- सार्वजनिक निजी साझेदारी (PPP Model) नीतिको अबलम्बन गर्दै निजी क्षेत्रसँगको सहकार्यमा गर्न सकिने दीर्घकालीन योजनाहरु सञ्चालन गरिनेछ ।
- खानी, कसर र वासिङ आदि उद्योगलाई अनिवार्य यस गाउँपालिकामा दर्ता तथा नवीकरण गरी अनुगमन तथा नियमनमार्फत व्यवस्थित गरिँदै लगिनेछ ।
- यस गाउँपालिकामा चुनढुङ्गा लगायत अन्य खानीहरु भएकाले खानीजन्य उद्योगहरु स्थापना तथा सञ्चालनको लागि सहजीकरण गरिनेछ ।
- गरिबी न्यूनीकरण तथा निवारणका लागि लघु उद्यम विकास कार्यक्रमहरु यस गाउँपालिकाको सातै वडामा सञ्चालन गरिने छ ।

*(ख.३) पर्यटन*

- सातकन्य/तीनपाने राडार क्षेत्र पर्यटन विकासको लागि गुरु योजना अनुरुप थप निर्माणका कामहरु सम्पन्न गराइ सो क्षेत्रमा निर्माणाधिन पिकनिक स्पोट व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
- यस गाउँपालिकाको अन्य पर्यटकीय क्षेत्रहरु गिम्दी चमेरे गुफा, माझखण्ड बुद्ध विहार तथा रुद्रेश्वर महादेव आदि क्षेत्र पर्यटकीय क्षेत्रहरुको खोज तथा पहिचान कार्य अगाडि बढाइ पर्यटकीय क्षेत्रको प्रवर्द्धन गरिनेछ । यी क्षेत्रहरुमा पर्यटकहरुलाई आवतजावतको लागि सरोकारवाला निकायहरुसँगको समन्वय र सहकार्यमा पदमार्ग निर्माण कार्य शुरु गरिनेछ ।
- मगर गाउँ होमस्टे र माझखण्डस्थित होमस्टेलाई अनुगमन गरी पूर्ण व्यवस्थित सञ्चालनका लागि पहल गरिने छ । साथै अन्य ठाउँमा पनि होम स्टे सञ्चालनका सम्भावनाका ठाउँहरुको अध्ययन गरि होम स्टेको प्रवर्द्धन गरिदै लगिनेछ ।
- माल्टा र प्युटार बिच खानिखोलामा ड्याम बनाइ सुइमिङ पूल निर्माण गरी पर्यटकहरुलाई आकर्षण गरिनेछ ।

*४) सहकारी*

- सहकारीहरुको पूर्ण अनुगमन एवम् अभिलेखिकरणको लागि सहकारी शाखालाई प्रविधि मैत्री व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका भित्र रहेका सहकारी तथा वित्तीय क्षेत्रहरुसँग सहकार्य गरी उत्पादनमूलक, रोजगारीमूलक तथा आयमूलक कार्यक्रममा लगानीमैत्री वातावरण सिर्जना गरिनेछ ।
- सहकारी अनुगमनका क्रममा सञ्चालनमा नरहेका सहकारी ऐन बमोजिम खारेजी प्रकृया अगाडि बढाइनेछ ।

***(ख.५) वित्तीय क्षेत्र***

- यस गाउँपालिकामा नेपाल राष्ट्र बैंकद्वारा इजाजत प्राप्त क वर्गको कुमारी बैंक यस गाउँपालिकाको वडा नं ३ छपेलीमा र वडा नं. ७ गिम्दी तथा घुसेलमा यस बैंकको एक्स्टेन्सन काउन्टर स्थापना भइ सञ्चालनमा आएको छ । यस बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई गाउँ गाउँमा पुऱ्याई सरल र सहज बनाइनेछ । साथै सबै वडाहरुमा एक्टेन्सन काउन्टर स्थापना गर्न सम्बन्धित निकायमा पहल गरिनेछ ।
- यस गाउँपालिकाभित्र अन्य बैंक तथा वित्तीय संस्थाहरु स्थापना र सञ्चालनको लागि पहल गरिने छ ।

**(ग) वातावरण तथा विपद व्यवस्थापन**

***(ग.१) वन तथा भू - संरक्षण***

- डिभिजन वन कार्यालयसँगको समन्वय एवम् सहकार्यमा वन क्षेत्रको व्यवस्थापनलाई वैज्ञानिक बनाउनको लागि सरकारी, निजी, धार्मिक, कबुलियत तथा सामुदायिक वनलाई व्यवस्थित गरिँदै लगिने छ ।
- सामुदायिक वन उपभोक्ता समितिहरुसँग छलफल तथा अन्तर्क्रियाको माध्यमबाट वार्षिक कार्य योजना निर्माणको लागि यस गाउँपालिका तथा वडा कार्यालयबाट सहयोग पुऱ्याउने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकाभित्रका वनलाई संरक्षण गरी खाली ठाउँहरुमा वृक्षारोपण कार्य अगाडि बढाइनेछ ।
- बागमती नदीमा वस्ती संरक्षणका लागि नदी तटबन्ध आयोजना सञ्चालन गर्न प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरिनेछ ।
- पहिरो गएको स्थान तथा पहिरोको जोखिम रहेको स्थानमा आवश्यक पूर्वाधार निर्माण गरी क्षति कम गर्न सडक किनारमा बाँस, अम्रिसो, अन्य प्रजातिको रुख विरुवा रोपन गरी वायो इन्जिनेरिङ्गको विकास गरिदै लगिनेछ ।

***(ग.२) जलाधार संरक्षण***

- यस गाउँपालिका क्षेत्रभित्र भएका नदी, झरना, ताल वा अन्य स-साना पानीका मुहानहरुको संरक्षण गरिनेछ ।
- खानेपानी मुहान संरक्षणका लागि यस गाउँपालिकाबाट जारी भएको खानेपानी मुहान संरक्षण सम्बन्धी कार्यविधिको व्यवस्था अनुसार मुहान संरक्षणका कार्यकलाप सञ्चालन गरिनेछ ।

- वृक्षरोपण र तारवार गरी गाउँपालिका क्षेत्रभित्रका जलाधार संरक्षण गर्ने आवश्यक योजना संचालन गरिनेछ ।

*(ग.३) वातावरण संरक्षण र जलवायु परिवर्तन*

- सम्बन्धित सरोकारवालाहरु विच जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलन सम्बन्धि सचेतना, छलफल तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।

*(ग.४) फोहरमैला तथा ढल व्यवस्थापन*

- गाउँपालिकाभित्रका बजारउन्मुख क्षेत्रमा घरघरबाट उत्सर्जन हुने फोहोरलाई गल्ने र नगल्ने गरी दुई भागमा विभाजन गरी गल्ने फोहोरबाट कम्पोष्ट मल तयार गर्ने र नगल्ने फोहोरलाई पुनः प्रयोग गर्ने प्रविधिलाई प्रोत्साहन गरिने नीति अबलम्बन गरिनेछ ।
- प्लाष्टिकजन्य वस्तु वातावरणीय दृष्टिकोणले हानिकारक हुन् भन्ने कुरा गाउँवासीहरुमा चेतना अभिवृद्धि गराउदै यसको विकल्पको खोजी गरी प्रयोग गर्न प्रोत्साहित गरिने छ ।
- यस गाउँपालिकाको तुलनात्मक रुपमा अधिक फोहोरमैला उत्सर्जन हुने स्थानहरुमा फोहोर मैला विसर्जनका लागि सिमेन्टेड रिङको व्यवस्थापन गरिनेछ ।

*(ग.५) जलउत्पन्न प्रकोप नियन्त्रण*

- वडा कार्यालय मार्फत सम्बन्धित वडा भित्र खोला नालाबाट उत्पन्न हुने तथा पहिरो र भू-क्षयबाट हुने प्रकोप क्षेत्रको अभिलेखिकरण गराइ उक्त क्षेत्रमा हुने प्रकोप नियन्त्रणका लागि संघीय सरकार, प्रदेश सरकार एवम् सम्बन्धित सरोकारवालाहरु सँग समन्वय बढाइनेछ ।

*(ग.६) विपद व्यवस्थापन बारुण नियन्त्रण सञ्चालन*

- यस गाउँपालिकाले गाउँपालिकाको विपद पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गरिसकेकोले सो योजना अनुसार कार्यान्वयनमा जोड दिइनेछ ।
- विभिन्न खाले संक्रमण नियन्त्रण, रोकथाम, उपचारका लागि गाउँपालिका स्तरीय अस्पताल एव सातवटै स्वास्थ्य चौकीलाई उच्च सतर्कतासाथ राखिनेछ ।
- सम्भावित विपद् जोखिम न्यूनीकरणका लागि गाउँपालिकाका सबै वडामा प्राकृतिक प्रकोप सम्बन्धमा जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपाल रेडक्रस सोसाइटी लगायत अन्य सरोकारवाला निकायहरुसँगको सहकार्यमा विपद व्यवस्थापन कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ ।

**(घ) पूर्वाधार क्षेत्र**

***(घ.१) स्थानीय सडक, पुल तथा झोलुङ्गे पूल***

- गाउँपालिका सडक गुरु योजना (RMTMP) निर्माणलाइ पूर्णता दिइ सोही मापदण्ड अनुसार सडकहरुको निर्माण र स्तरोन्नति गरिने छ ।
- यस गाउँपालिकाले नाममा भएको १ थान ब्याकहु लोडर सडक बाटोको स्तरोन्नति, सडक मर्मतसम्भार कार्य गर्नका लागि प्रयोग गरिने छ ।
- पूर्वाधार निर्माण कार्यलाई अपाङ्गमैत्री, वातावरणमैत्री तथा बालमैत्री बनाइने नीति लिइनेछ ।
- गाउँपालिकाभित्र सुरक्षित र मर्यादित यात्राका लागि सम्बन्धित सरोकारवालाहरुसँगको सहकार्यमा सडक सुशासन कार्यक्रम सञ्चालन गरिनेछ।

***(घ.२) सिंचाई***

- प्रदेश सरकारले विनियोजन गरेको क्षेत्रहरु बाहेक गाउँपालिका भित्र सम्भावित नयाँ सिंचाई आयोजनाहरुको खोज गरी निर्माणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

***(घ.३) भवन तथा शहरी विकास***

- यस गाउँपालिकाको प्रशासकीय भवन एवम् कर्मचारी आवाश भवनको अधुरा काम तथा निर्माण कार्यलाई यो आ.व.२०८०/८१ मा सम्पन्न गरी पूर्ण सञ्चालनमा ल्याइनेछ ।
- भवन निर्माण गर्दा भवन निर्माण आचार संहिता २०७२, र यस गाउँपालिकाको भवन निर्माण मापदण्ड, वस्ती विकास, सहरी योजना तथा भवन निर्माण मापदण्डको आधारमा भवन निर्माण कार्य गरिने छ ।
- JICA को सहयोग सहरी विकास तथा भवन निर्माण विभागद्वारा सञ्चालन हुने भवन निर्माण मापदण्ड तथा भवन निर्माण संहितालाई पूर्ण रुपमा अनुशरण गरी पाइलोटिङको रुपमा कार्यान्वयन गरिनेछ ।
- राष्ट्रिय भू-उपयोग नीति तथा भवन निर्माण आचार संहिता अनुसार आवास निर्माण गरी व्यवस्थित गाउँ निर्माण गरिनेछ । स्वच्छ वातावरणलाई ध्यानमा राख्दै भवन निर्माणको नक्सा पास गर्दा एक घर कम्तिमा दुई बृक्षारोपणलाई अनिवार्य गर्ने अभियानका रुपमा भवन मापदण्ड निर्माण गरी लागू गरिनेछ ।
- भूमि समस्या समाधान आयोगसँगको समन्वयमा सुकुम्बासी तथा अव्यवस्थित बसोबास अन्तर्गत पर्ने नागरिकहरुलाई निस्सा वितरण गर्ने कार्यलाई तिव्रताका साथ कार्यान्वयन गर्न सहजीकरण गरिनेछ र यसै बर्ष लाल पूर्जा वितरण गरिनेछ ।

- व्यवस्थित बजारीकरणका लागि बजारी विकास तथा आवास विकास सम्बन्धी मापदण्डलाई आवश्यकता अनुसार सुधार एवं परिमार्जन गरी प्रयोग गरिनेछ ।

***(घ.४) उर्जा, लघु तथा साना जलविद्युत (बैकल्पिक उर्जा समेत)***

- सहरीकरण बढ्दै गरेको ठाउँहरुमा स्ट्रिट लाइटको व्यवस्था गरिंदै लगिनेछ ।
- बैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रसँगको समन्वयमा बैकल्पिक उर्जा सम्बन्धि छलफल, सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

***(घ.३) संचार***

- नेपाल दुरसञ्चार संस्थान लगायत अन्य सरोकारवाला संस्थानहरुसँगको सहकार्यमा ग्रामीण क्षेत्रका सबै स्थानमा टेलिफोन र गुणस्तरीय इन्टरनेट सेवाको सुनिश्चिता गर्न पहल गरिनेछ ।

***(ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन***

***(ङ१) सार्वजनिक सेवा***

- यस गाउँपालिका तथा मातहतका सरकारी कार्यालयहरुबाट प्रदान गरिने सेवालाई प्रभावकारी तथा गुणस्तरीय बनाउँदै नागरिकहरुलाई केन्द्रविन्दुमा राखी नागरिक सन्तुष्टि हुने गरी सेवा प्रवाह गरिनेछ ।
- कर्मचारीहरुको कार्य सम्पादन मूल्याङ्कन र कार्य क्षमता मूल्याङ्कनका आधारमा पुरस्कार र दण्ड गर्ने प्रणालीको विकास गरिनेछ ।
- यस गाउँपालिकाका वडा कार्यालयमा स्थापना भएका मेलमिलाप केन्द्र व्यवस्थित गरिँदै लगिनेछ ।
- कार्यरत कर्मचारीहरुको वृत्ति विकासका लागि ठोस नीति तर्जुमा गरिनेछ । साथै कर्मचारीहरुको उच्च मनोबल बढाइ सेवामा समर्पित रहनको लागि निजामती तथा अन्य कर्मचारीहरुलाई कार्यसम्पादनको आधारमा प्रोत्साहन भत्ताको व्यवस्था गरिने छ ।
- राजस्व प्रशासनलाई सबल, सुद्धिढ बनाउन नागरिकहरुमा करदाता शिक्षा कार्यक्रम लगायत जनप्रतिनिधि एवम सरोकारवालाहरुलाई कर सम्बन्धि कानूनहरुका बारेमा अभिमूखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

***(ङ.२) सूचना प्रविधि तथा विद्युतीय शासन***

- यस गाउँपालिकालाई पूर्ण प्रविधिमैत्री उन्मुख गाउँपालिकाको रुपमा रुपान्तरण गरिदै लगिनेछ ।
- विद्युतीय शासन प्रणाली माध्यमबाट सेवा प्रवाहलाई छिटो, छरितो र प्रभावकारी बनाइने छ ।

- सूचनाको संकलन, संग्रह, अभिलेखीकरण तथा प्रकाशन कार्यलाई प्राथमिकता दिदैं सूचना प्रकाशनको लागि गाउँपालिको नाममा वेभसाइट, इ मेल, फेसबुक पेज तथा ऐपको पूर्ण रुपमा प्रयोग गरिने छ र सोको प्रयोग गर्न नागरिकहरुलाई जनस्तरमा सचेतनामूलक कार्यकमहरु गरिनेछ ।
- सूचना र प्रविधिको माध्यमबाट गाउँपालिकामा सेवाग्राहीको गुनासो सम्बोधन गरिने परिपार्टीको विकास गरिनेछ । यसका लागि गुनासो सुन्ने इकाई स्थापना गरिनेछ ।

*(ङ.३) पञ्जिकरण*

- वडा कार्यालय मार्फत अनलाईन व्यक्तिगत घटना दर्ता प्रक्रिया र सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको अद्यावधिक विवरण कम्प्युटरकृत गरिँदै लगिने कार्यलाई निरन्तरता दिइनेछ ।
- पञ्जिकरणका कामहरु अनलाइन विधिबाट गरिँदै आएकोमा यस कार्यलाई थप व्यवस्थित बनाउँदै लगिनेछ ।
- सामाजिक सुरक्षा भत्ताको बैंकमार्फत खाता खोली व्यवस्थित गरिदै लगिने छ ।

***(ङ ४) सुशासन प्रवर्द्धन***

- नेतृत्व विकास तथा क्षमता विकासका लागि जनप्रतिनिधि र कर्मचारीहरुलाई समयसापेक्ष अनुसार तालिमको व्यवस्था गरिनेछ ।
- जनसहभागिता, पारदर्शिता, उत्तरदायित्व, विधिको शासन जस्ता सुशासन पद्धतिको माध्यमबाट सुशासनको प्रवर्द्धन गरिदै लगिने छ ।
- गाउँपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुको सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणका कार्यहरु नियमित रुपमा गरिनेछ ।

***(ङ.६) सुरक्षा व्यवस्थान***

- यस गाउँपालिकास्थित प्रहरी चौकीहरुसँग समन्वय, सहकार्य गरी यस गाउँपालिकामा शान्ति सुरक्षा तथा अमनचयन कायम गरिनेछ ।

**धन्यवाद ।**

**विर बहादुर लोप्चन**

**अध्यक्ष**

**बागमती गाउँपालिका**